आज मिति २०८० साल फाल्गुन २९ गते मंगलबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २७ (सत्ताइसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

**<u>उपस्थिति</u>**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण स्थलको विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय प्रतिवेदन (आई.ई.ई) उपर छलफल गर्ने सम्बन्धमा।

३. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

४. अवैध खानी संचालन रोक्ने सम्बन्धमा।

५. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन अवस्था सम्बन्धमा।

६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

३. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण स्थलको विस्तृत परियोजना प्रतिवेदन (डी.पि.आर) स्वीकृत गर्ने सम्बन्धमा।

४. निर्णय सच्याउने सम्बन्धमा।

५. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन, प्रतिवेदन तयारी, स्वीकृति, प्रस्ताव कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन निर्माण गरिएको नमोबुद्ध नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०३ स्थित चरुवा सामुदायिक वनको कमर थुम्कामा निर्माण गर्न लागिएको एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि इनरीच नेपालले तयार गरेको सोसँग सम्वन्धित विस्तृत परियोजना प्रतिवेदन (डी.पि.आर) स्वीकृत गर्ने।

निर्णय नम्बर ४:

प्रस्ताव नम्बर ०४ का सम्बन्धमा विषयवस्तुको सामान्य जानकारी गराई अर्को बैठकसम्मका लागि विचाराधीन राख्ने।